# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३ ) काठमाडौं, मंसीर २८ गते २०५० साल ( संख्या ३४

## भाग ३

श्री ५ को सरकार

### आवास तथा भौतिक योजना मन्त्रालयको सूचना

#### नगर विकास कोष समिति (गठन) (पहिलो संशोधन) आदेश, २०५०

नगर विकास कोष समिति (गठन) आदेश, २०४५ लाई संशोधन गर्न वान्छनीय भएकोले,–

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः–

१.१ यस आदेशको नाम "नगर विकास कोष समिति (गठन) (पहिलो संशोधन) आदेश, २०५०" रहेको छ।

१.२ यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. नगर विकास कोष समिति (गठन) आदेश, २०४५ को दफा २ मा संशोधनः–

नगर विकास कोष समिति (गठन) आदेश, २०४५ (यसपछि "मूल आदेश" भनिएको) को दफा २ को,–

आधिकारिकता मुंद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

366

(१) उपदफा २.१.२ पछि देहाएका उपदफा २.१.२ क.,२.१.२ ख. र २.१.२. ग. थपिएका छन् :–

२.१.२ क. "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

२.१.२ ख. "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष र समितिको सदस्य-सचिवलाई समेत जनाउँछ ।

२.१.२ ग. "कार्यकारी निर्देशक" भन्नाले दफा ६ बमोजिम नियुक्त समितिको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(२) उपदफा २.१.३ मा रहेका "अन्तर्गतको नियम वा विनियममा" भन्ने शब्दहरूको सट्टा "अन्तर्गत बनेको नियममा" भन्ने शब्दहरू राखिएका छन् ।

३. मूल आदेशको दफा ३ मा संशोधनः मूल आदेशको दफा ३ को,–

(१) उपदफा ३.१ मा रहेका "गर्नको निमित्त" भन्ने शब्दहरू पछि "अविच्छिन्न" भन्ने शब्द थपिएको छ।

(२) उपदफा ३.२ को सट्टा देहायको उपदफा ३.२ राखिएको छः–

"३.२ उपदफा ३.१ बमोजिमको समितिमा देहायका सदस्यहरू रहने छन्ः–

| | | |
|---|---|---|
| ३.२.१ | सचिव, आवास तथा भौतिक योजना मन्त्रालय | – अध्यक्ष |
| ३.२.२ | प्रतिनिधि, अर्थ मन्त्रालय | – सदस्य |
| ३.२.३ | प्रतिनिधि, स्थानीय विकास मन्त्रालय | – सदस्य |
| ३.२.४ | नगरपालिकाको नगर प्रमुखहरू मध्येबाट श्री ५ को सरकारले मनोनीत गरेको पाँचजना नगर प्रमुखहरू | – सदस्य |
| ३.२.५ | प्रतिनिधि, आवास तथा शहरी विकास विभाग | – सदस्य |
| ३.२.६ | प्रतिनिधि, श्री ५ को सरकारले तोकेको वित्तीय संस्था | – सदस्य |
| ३.२.७ | कार्यकारी निर्देशक | – सदस्य-सचिव |

(३) उपदफा ३.४ को सट्टा देहायको उपदफा ३.४ राखिएको छः–

"३.४ उपदफा ३.२.४ बमोजिमका सदस्यहरूको पदावधि चार वर्षको हुनेछ"



३६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपदफा ३.४ पछि देहायको उपदफा ३.४क. थपिएको छः–

"३.४क. उपदफा ३.२.४ बमोजिम कुनै नगरपालिकाको नगर प्रमुखको मनोनयन हुन बाँकी रहेछ भने त्यस्तो नगरपालिकाको नगर प्रमुखको मनोनयन नभएसम्म एक पटक मनोनयन भइसकेका नगरपालिकाको नगर प्रमुखलाई पुन मनोनयन गरिने छैन।"

(५) उपदफा ३.५ झिकिएको छ।

४. मूल आदेशको दफा ४ मा संशोधनः मूल आदेशको दफा ४ को उपदफा ४.२.१० झिकिएको छ।

५. मूल आदेशको दफा ५ मा संशोधनः मूल आदेशको दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छ –

"५. समितिको बैठक र निर्णय

५.१ समितिको बैठक प्रत्येक तीन महिनामा कम्तीमा एकपटक बस्नेछ।

५.२ समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

५.३ समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले समितिको बैठकको अध्यक्षता गर्नेछ।

५.४ समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

५.५ समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

५.६ समितिको बैठकमा उपस्थित सदस्यहरूको नाम, छलफलको विषय र निर्णयको व्यहोरा समेत छुट्टै पुस्तिकामा उल्लेख गरी राख्नु पर्नेछ।

५.७ समितिको बैठकको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ।

५.८ समितिले आवश्यकतानुसार कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

५.९ समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. मूल आदेशको दफा ६ मा संशोधनः मूल आदेशको दफा ६ को उपदफा ६.१ को सट्टा देहायको उपदफा ६.१ राखिएको छ :–

"६.१ श्री ५ को सरकारले अर्थशास्त्र, व्यवस्थापन वा इन्जिनियरिङ सम्बन्धी विषयका विशेषज्ञ वा सो विषयमा विशेष अनुभव भएका व्यक्तिलाई कार्यकारी निर्देशकको पदमा नियुक्त गर्न सक्नेछ।"

७. मूल आदेशको दफा ७ मा संशोधनः मूल आदेशको दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छ–

"७. समितिको कोष

७.१ समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरू रहनेछन् –

७.१.१ श्री ५ को सरकारबाट प्राप्त रकम,

७.१.२ आन्तरिक स्रोतबाट प्राप्त रकम,

७.१.३ अन्तर्राष्ट्रिय संघ-संस्था, विदेशी सरकार वा एजेन्सीबाट प्राप्त ऋण तथा अनुदान रकम,

७.१.४ लगानी गरे वापत भएको मुनाफाबाट प्राप्त रकम,

७.१.५ कुनै व्यक्ति विशेषज्ञले प्रदान गरेको अनुदान रकम,

७.१.६ अन्य कुनै स्रोतबाट प्राप्त रकम।

७.२ समितिले उपदफा ७.१.३ बमोजिम कुनै रकम प्राप्त गर्नु अघि श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ।

७.३ उपदफा ७.१ बमोजिम समितिको कोषमा रहने रकमहरू नेपाल अधिराज्यको कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ।

७.४ समितिको तर्फबाट गरिने सबै खर्चहरू उपदफा ७.१ बमोजिमको कोषमा जम्मा रहेको रकमबाट व्यहोरिनेछ।

७.५ समितिको खाताको संचालन तोकिए बमोजिम हुनेछ।"

८. मूल आदेशको दफा ८ मा संशोधनः मूल आदेशको दफा ८ को सट्टा देहायको दफा ८ राखिएको छ –

"८. लेखा र लेखा परीक्षण

८.१ समितिको लेखा तोकिए बमोजिम राखिनेछ।



30

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८.२ समितिको लेखापरीक्षण महालेखा परीक्षकको सिफारिशमा समितिद्वारा नियुक्त लेखापरीक्षकबाट हुनेछ ।

८.३ लेखा परीक्षणको वार्षिक प्रतिवेदन समितिले आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र श्री ५ को सरकार समक्ष पेश गर्नेछ ।"

९. मूल आदेशमा दफा १०क. थप: मूल आदेशको दफा १० पछि देहायको दफा १०क. थपिएको छ –

"१०क. नियम बनाउन सक्ने: समितिले आफ्नो कार्य संचालनको लागि आवश्यक नियमहरू बनाउन सक्नेछ र त्यस्ता नियमहरू श्री ५ को सरकारबाट स्वीकृत भएपछि मात्र लागू हुनेछ ।"

१०. रूपान्तर: मूल आदेशको ठाउँ ठाउँमा रहेका 'नगर पञ्चायत' भन्ने शब्दहरूको सट्टा 'नगरपालिका' भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ ।

आज्ञाले,
शिवबहादुर प्रधानाङ्ग
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले बिक्रीकर ऐन, २०२३ को दफा ८ क ले दिएको अधिकार प्रयोग गरी विदेशबाट पैठारी गर्ने प्रतिप्रिण्ट चलचित्रको मूल्य रू. ८०,०००।– (असी हजार) वा बीलविजक, संझौता वा अन्य कागजातबाट देखिएको मूल्य जुन बढी हुन्छ सोही मूल्य बिक्रीकर प्रयोजनको लागि कायम गर्ने निर्णय गरेको हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
त्रिलोचन उप्रेती
कानून अधिकृत (उपसचिव)



३८९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।